# मोलुङ गाउँपालिका

को

तेह्रौँ गाउँसभामा अध्यक्ष श्री उत्तम राईद्वारा प्रस्तुत

आ.व. २०८०/०८१ को

# वार्षिक नीति तथा कार्यक्रम

१० असार, २०८०

## मोलुङ गाउँपालिका

प्राप्चा, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

# " कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ "

## आ.व. २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम

मोलुङ गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, राजनीतिक दल तथा दलका प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु तथा उपस्थित सम्पूर्ण बुवा, आमा, दाजुभाई तथा दिदीबहिनीहरु,

यस मोलुङ गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै छु । यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथसाथै राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनमा नेतृत्त्वदायी भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

मोलुङ गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, खुला तथा समावेशी समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्त्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा गाउँपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै मोलुङ बासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

अघोशित जस्तै आर्थिक मन्दि र मन्दिले दैनिक जिवनमा थपेको कठिनाई नियमित बजारमा भएको मुल्य बृद्धिले सामान्य नागरिकको जिवनयापनमा संकट आई परिरहेको छ । यस बिषम परिस्थितिमा मोलुङ गाउँपालिकाका हामी सवै राजनीतिक दल, बुद्धिजिवी, समाजसेवी, भद्रभलाद्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, सुरक्षा निकाय र मोलुङ गाउँपालिकाका शुभ चिन्तक सबैको साथ र सहयोगको अपेक्षा गरेको छु ।

गरिमामय सभाका सम्पूर्ण सदस्यज्यूहरु,

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको लक्ष्य **"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"** रहेको छ । यो नीति तथा कार्यक्रम सङ्घीयताको कार्यान्वयनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्‍याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरेको छु ।

**उपस्थित महानुभावहरु,**

सर्वप्रथम म आ.व २०७९/०८० मा मोलुङ गाउँपालिकाले हाँसिल गरेका उपलब्धिहरु यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- आ.व २०७९/०८० मा यस गाउँपालिकामा जन्म भएका ८० जना भन्दा वढि नवजात शिशुहरुको नोमिनल खाता सञ्चालन गरी एक पटकको लागि रु. ५,००० को दरले रकम जम्मा गरिएको छ,
- जेष्ठनागरिक लगायत स्वास्थ्य सेवावाट वञ्चित नागरिकहरुलाई टोलटोलमा नै पुगेर स्वास्थ्य सेवा दिने उद्देश्यले नियमित विशेषज्ञ सहितको घुम्ति स्वास्थ्य सेवा सिविर सञ्चालन गरी उच्च रक्तचाप, मधुमेह लगायतका रोगहरुको परिक्षणका साथै आवश्यक औषधी तथा प्रेशण सेवा उपलब्ध गराइएको छ,

- जिल्लाको सदरमुकामवाट मोलुङ गाउँपालिका लगायतका क्षेत्रमा आवतजावत गर्न नागरिकको अत्यान्तै चासो र सास्तिको रुपमा रहेको पैरेखोलाको मोटरेवल पुल निर्माणको प्रक्रिया क्रमागत ठेक्का मार्फत अघाडि बढाइएको छ,
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण प्रक्रिया ठेक्का प्रक्रिया मार्फत निर्माण कार्य तिव्र गतिले प्राथमिककता सहित भइरहेको छ,
- गाउँपालिका भित्र सञ्चालन भएका पुँजिगत तर्फमा योजनाहरु गुणस्तरियता कायम सहित ९५% भन्दा धेरै सम्पन्न भएका छन् ।
- मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य संस्थामा ब्रोड ब्याण्ड इन्टरनेट सेवा जडान गरी कम्तिमा २० एमबिपिएस क्षमताको नन् डेडिकेटेड ब्रोड ब्याण्ड इन्टरनेटको सुविधा यसै वर्ष देखि सञ्चालनमा ल्याईएको छ,
- अपाङ्गता भएका ब्यक्तिहरु तथा अति विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रमलाई पालिकाको स्वामित्वमा राखेको छ,
- सतिघाट मोटरेवल पुल निर्माणको लागि Detail Project report तयार भएको छ,
- तपशिल वमोजिमका परियोजना प्रतिवेदन निर्माण कार्य सम्पन्न भएका छन्,
    - प्यारापिट सहितको खेलमैदान निर्माण रामपुर
    - थानि ढूङ्गा पदमार्ग
    - रामपुर सहरिकरण परियोजना
    - सेप्ली झरना पर्यटन पर्वर्दन
    - Comprehensive village Profile
    - पहिरो जोखिम वस्तिहरुको अध्ययन प्रतिवेदन

**उपस्थित महानुभावहरु,**

अब म यस गाउँपालिकाको आ.व २०८०/०८१ को **आर्थिक विकास** तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>कृषि तथा पशुपन्छी</u>**

मोलुङ गाउँपालिका प्राकृतिक विविधताले सुसज्जित छ । तराईदेखि पहाडसम्मको हावापानी पाइन्छ । कृषिमा प्रचुर सम्भावना रहेको हुँदा परम्परागत कृषि प्रणालीको विकल्पको रुपमा आधुनिक कृषि प्रणाली अपनाउने, कृषि उत्पादनलाई व्यवसायीकरण गर्ने, बजारीकरणमा ध्यान पुऱ्याउने, युवालाई कृषि पेशामा आकर्षित गर्ने साथै कृषि क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्दै उन्नत जातको बिउ तथा प्रविधिको विस्तारमा सहयोग गरिने छ । हावापानी र क्षेत्र अनुसारको कृषि प्रणाली अवलम्वन गर्ने र विस्तारै आत्मनिर्भर उन्मुख हुदै जाने नीति समावेश गरेको छु ।

- युवा जनशक्तिलाई कृषि पेशाप्रति आकर्षित गर्न व्यवहारिक कृषि ज्ञान, सीप, तालिम र उचित अनुदानको व्यवस्था गरिने छ,
- कृषिको सम्भावना, आवश्यकता र प्राविधिक उपयुक्तताका आधारमा एक वडा एक उत्पादनको नीति लिइने छ, यस नीति अन्तर्गत यसै वर्षवाट वडा नं. ६ र ८ मा सामुहिक किवि खेति मार्फत सुरुवात गरिने छ,
- पालिका स्तरिय कृषि फर्म निर्माण गर्न ३०० रोपनी भन्दा वढि जमिन भाडामा लिने र कृषि फर्म सञ्चालन गर्ने प्रक्रिया अघाडि वढाइने छ,
- बाँझो जमिन राख्न नपाईने नीतिका साथै सबै जमिनलाई कृषि उत्पादनमा प्रयोग गर्न प्रोत्साहन गरिने छ। त्यस्ता जमिनमा कृषि उत्पादन गर्नेलाई बिशेष अनुदान, प्रदेश तथा सङ्घीय सरकारका कार्यक्रम हेरी सिफारिस गरिने छ,
- कृषक समुहहरुलाई सक्रिय बनाई कृषक समुह दर्ता प्रणालीलाई व्यवस्थित बस्तुनिष्ठ बनाउँदै लगिने छ,
- सामूहिक पशु फर्म सञ्चालनलाई गाँउपालिकामा दर्ता गर्न प्रोत्साहन गर्दै विभिन्न कार्यक्रम मार्फत सम्वोधन गरिने छ,
- सहकारी कृषि प्रणाली साथै सामुहिक कृषि प्रणालिलाई प्राथमिकतामा राखिने छ,
- टोल-टोलमा प्राविधिक, विषेशज्ञ सेवा कार्यक्रम लागू गर्न एक वडा एक कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई निरन्तरता दिदै लगिने छ,
- कृषिको उत्पादन तथा उत्पादकत्त्व वृद्धिका लागि कृषि सामग्री, औजार उपकरण, उन्नत जातका बीउ, बिजन तथा उन्नत प्रविधिको विस्तार गरी कृषकलाइ सहुलियत दरमा उपलब्ध गराइने छ,
- बाली बिरुवामा वढ्दो रोग तथा किरालाई व्यवस्थापनका लागि बाली उपचार कार्यक्रमलाई विस्तार गरिने छ,
- खाद्यान्य उत्पादनका साथसाथै फलफूल खेती, अलैची, किवी, अकवरे, अदुवा, वेसार खेती तथा माछा र मौरी पालन क्षेत्रमा लगानी वृद्धि गर्ने साथै प्याजको वीउ तथा प्रविधिको प्रयोग गरी प्याजमा आत्मनिर्भर बनाउन प्रयत्न गरिने छ,
- दुध, फूल, माछा, मासुमा आत्मानिर्भर बनाउनका लागि पशुपालन व्यवसायलाई व्यवसायीकरण गरिने छ,
- आलुको भण्डारणका लागि रस्टिक स्टोर निर्माण गरिने छ,
- कृषि अनुदान कार्यक्रमलाई निरन्तरता दिंदा उत्पादनमा आधारित नतिजालाइ आधार मानिने छ।
- बाख्रा पकेट स्थापना तथा बाख्रा मिसन कार्यक्रम सञ्चालन गर्नका लागि डाले घाँस तथा भुइघाँस वितरण, च्याप क्वाट वितरण लगाएतका कार्यक्रम सञ्चालन गरिने छ,
- वैदेशिक रोजगारबाट फर्केका युवा कृषकलाई कृषि पेशामा आवद्ध हुनका लागि उचित तालिमको व्यवस्था गरिने छ,
- बेमौसमि कृषि उत्पादन तथा तरकारी खेतीलाई प्राथमिकता दिईने छ,
- प्राङ्गारिक/जैविक मल उत्पादन गरी रासायनिक मल विस्थापनको लागी सम्भाव्यता अध्ययन गरिने छ,
- वहुउद्देश्यीय कृषि केन्द्र संचालन गरिने छ,

- कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको ब्यबस्था गरिनेछ,
- रैथाने तथा स्थानीय जातका बालीहरुको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि बीउ बैंकलाई व्यवस्थित गरी राष्ट्रिय स्तरमा विस्तार गरिने छ,
- कृषि तथा पशु वीमामा नेपाल सरकारको कार्यक्रमलाइ प्रभावकारी बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ,
- पशु नश्ल (कृत्रिम गर्भाधान तथा उन्नत जातका बोका, बीर, साँढे, राँगा) सुधार कार्यक्रम सञ्चालन गरिने छ,
- बधशाला तथा पशुबजार ब्यवस्थापनका लागि अवश्यक पहल गरिने छ,
- पशु सम्बन्धि विभिन्न रोग तथा परजिवीको परीक्षण तथा व्यवस्थापनका लागि पशु ल्याव सञ्चालन गरिने छ,

**सहकारी**

- सहकारीको माध्यमबाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवन स्तर उकास्ने नीति लिइने छ,
- गाउँपालिकाभित्र रहेका सहकारीलाई एकिन गरी संचालनमा एकरुपता ल्याउन सहकारी-सहकार्य नीति लिइने छ।
- कृषिमा आधारित सहकारी समुह गठन गर्न प्रोत्साहित गरिने छ,
- सम्पूर्ण सहकारीलाइ कोपोमिसमा आवद्ध गरिने छ,
- कृषि उत्पादनलाई सहकारीको माध्यमवाट ठूला सहरहरुमा बजारिकरण गरिने छ,

**संस्कृति तथा पर्यटन**

- सेप्ली झरनाको पर्यटकीय पूर्वाधार निर्माण गर्ने, झरनाको सौन्दर्य विकाश तथा प्रवर्धन गर्ने, क्यानोईङ खेलको सम्भाव्यता अध्ययन गर्ने, होम स्टे तालिम सञ्चालन लगायत बृहत सांस्कृतिक पर्यटकीय महोत्सव सम्मको तयारी गरिने छ,
- गाउँपालिकामा रहेका मन्दिर, देवीस्थान र गुम्बाहरुको मर्मत संभार तथा संरक्षण गर्ने, कुन्तादेवी कोटगढी र जलजलेश्वर त्रिवेणी धाम, मंसिरे गुम्वा, पत्ताले पार्क लगायतका धार्मिक एवंम पूरातात्त्विक संस्कृतिको महत्त्व बोकेका क्षेत्रहरुको संरक्षण गर्दै धार्मिक पर्यटनको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्दै लगिने छ,
- थानी ढुँगा, रामपुरलाई छोटो दुरीको पर्यटकीय पदर्मागको रुपमा विकास गरिने छ,
- सम्भावित स्थानहरुमा बौद्ध गुम्वा, पार्क तथा स्तुपाहरु निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ,
- जिवन्त सङ्ग्राहलय (live museum) मा आधारित होमस्टे व्यवसाय सञ्चालन गर्न तालिम तथा प्रोत्साहन गरिने छ,

**उद्योग तथा वाणिज्य**

- मोलुङ गाउँपालिका वडा नं. ६ श्रीचौरमा उद्योग ग्रामको पूर्वाधार तयारी भईरहेको र उक्त उद्योग ग्रामलाई यथाशिघ्र संचालनमा ल्याईने छ,

- गाउँपालिकामा स्थानीय श्रम, सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गराउन लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को प्रभावकारी कार्यान्वयन गरिने छ,
- परम्परागत कुटी, माटोको भाँडा र उद्योगहरुको संरक्षण र विकास गर्न उचित पहल गरिने छ,
- लघु उद्यमीहरुको सीप विकास गरी लघु उद्योगको माध्यमबाट रोजगारीको सृजना गरी मोलुङका उद्यमीहरुलाई आत्मनिर्भर बनाउदै लगिने छ,
- लक्षित वर्गको आय आर्जनमा टेवा पुग्ने कार्यहरु सञ्चालन गरी रोजगारी सृजना गर्ने नीति लिइने छ,
- उपभोक्ता हितको संरक्षण गर्न समय समयमा बजार अनुगमन गर्ने कार्यहरुलाई निरन्तरता दिइने छ,
- औषधिजन्य जडिबुटीहरुको खोज अनुसन्धान गरी निर्यात गर्ने नीति लिइनेछ,
- नेपाली कागज, कागजको कच्चा पदार्थहरु उत्पादन तथा नेपाली कागजबाट बन्ने सामग्रीहरुको उत्पादन र बजारीकरणलाई प्राथमिकता दिइने छ,

<u>वित्तीय क्षेत्र र वित्तीय व्यवस्थापन</u>

- नागरिकलाई बैंकिङ सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने वातावरण सृजना गरिनेछ,
- नवजात शिशुलाई जन्म पश्चात गाउँपालिकाले निश्चित रकम सहित नोमिनल खाता खोली नियमित बचत गर्ने कार्यलाई निरन्तरता दिदै थप व्यवस्थित गर्दै लगिने छ,
- वित्तीय क्षेत्रहरुलाई पूँजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिनेछ,
- सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइने छ,
- आन्तरिक लेखा परीक्षण प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाई लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउदै लगिने छ,
- बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी हरेक वडामा वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ,
- बैदेशिक रोजगारबाट फर्केका युवा तथा महिला उद्यमीहरु बैंकहरुले प्रवाह गर्ने न्युन व्याजदरको ऋणबाट उद्योग व्यवसायमा संलग्न हुन आवश्यक सहजीकरण सहित प्रोत्साहन गरिने छ।

**उपस्थित महानुभावहरु,**

अब म यस मोलुङ गाउँपालिकाको आ.व २०८०/०८१ को सामाजिक विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

<u>शिक्षा</u>

- गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा सूचना प्रविधिको पहुँच विकास गर्न सम्पूर्ण विद्यालयमा इन्टरनेट सुविधा बिस्तारको कार्य भइ सकेकोले थप प्रभावकारी र व्यवस्थित वनाउदै लगिने छ,

- गाउँपालिका भित्रका विद्यालयहरुलाई शैक्षिक भौतिक तथा प्राविधिक रुपमा सक्षम बनाइ अधिकतम शैक्षिक उपलब्धि हाँसिल गर्न आवधिक गाउँ शिक्षा योजना निर्माण गरी शैक्षिक क्षेत्रमा योजनाबद्ध विकास गर्दै शिक्षाको गुणस्तर वृद्धी गरिने छ,
- सर्वोत्कृष्ट अंक सहित SEE उत्तिर्ण छात्र/छात्रालाई सम्मान सहित उच्च शिक्षा हासिल गर्न प्रेरित गरिने छ,
- यस गाउँपालिकामा रहेका दुई विद्यालयमा संचालित प्राविधिक धारको शिक्षालाई थप व्यवस्थित गराउन आवश्यक थप संयन्त्रलाई मजबुत बनाउदै लगिने छ,
- विद्यालयमा संचालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित, बस्तुनिष्ठ, विश्वसनीय र प्रतिस्पर्धी बनाउदै लगिने छ,
- **"जँहा विद्यार्थी त्यहा शिक्षक"** अभियानलाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा विद्यालयलाई समायोजन गर्दै लगिने छ,
- विद्यालय निरीक्षण तथा सुपरिवेक्षणमा बिभिन्न निकायको भूमिकालाई थप प्राथमिकतामा राखी निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई थप व्यवस्थित गराइने छ,
- हरेक विद्यालयहरुमा विद्यार्थीको आन्तरिक क्षमता तथा प्रतिभा पहिचानसँग सम्वन्धित अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरी विद्यार्थीहरुको चौतर्फी विकासमा टेवा पुऱ्याउने नीति लिइने छ,
- सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुका सन्ततिलाई अनिवार्य भर्ना गर्ने वातावरण तयार गरिने छ,
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि प्रदान गरिने छात्रवृत्ति वितरणलाई थप व्यवस्थित, पहुँचयोग्य र न्यायोचित बनाईने छ,
- गाउँपालिकाको उच्च शिक्षाको एक मात्र केन्द्र शहिद आदर्श क्याम्पसको उन्नति प्रगतिमा हरसम्भव प्रयास गर्दै स्नातकोत्तर तहको अध्ययन आध्यापन सुरु गराउन पहल गरिनेछ ,
- विद्यालयको भौतिक संरचनालाई भू-कम्प प्रतिरोधी, अपाङ्गग मैत्री, बाल मैत्री बनाउने नीति लिईने छ,
- नेपाल सरकारबाट प्राप्त हुने शसर्त अनुदानका विविध कार्यक्रमहरुलाई सम्पूर्ण विद्यालयको पहुँचमा पुऱ्याई नतिजामा आधारित प्रणाली अनुसार अनुगमन र मूल्याङ्कनको माध्यमबाट व्यवस्थित गराइने छ,
- IE-MIS मा सम्पूर्ण विद्यालयहरुको पहुँच बृद्धि गरी तथ्याङ्क व्यवस्थित गराउने कार्यलाई निरन्तर र नियमित रुपमा अध्यावधिक गराइने छ,
- सरस्वति मा.वि. मा वनविज्ञान विषय अध्ययन अध्यापन गराउन पहल गरिने छ ।

<u>स्वास्थ्य</u>

- स्थानीय सरकारको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार स्वरुप जनताको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सुदृढ र गुणस्तरीय बनाईने छ,

- बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गरी नियमित खोप, पोषण, भिटामिन 'ए' आदि जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिने छ,
- आवश्यक स्थानमा खोप केन्द्र भवन स्थापना गर्दै गत बर्ष निर्माण भएका खोप केन्द्रको भौतिक संरचनालाई थप व्यवस्थित गरिने छ,
- जेष्ठ नागरिक लगायत स्वास्थ्य सेवावाट वञ्चित पूर्ण अपाङ्गता भएका नागरिक, दीर्घरोगी लगायतका नागरिकहरुलाई टोलटोलमै पुगेर विशेषज्ञ सहितको स्वास्थ्य घुम्ति स्वास्थ्य सेवा सञ्चालन थप नियमित र व्यवस्थित गरिने छ,
- प्रत्येक नागरिकले कम्तिमा पनि बर्षको एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै उपचार गराउन सहजिकरण गरिने छ,
- गाउँपालिका भित्र स्वास्थ्य परिक्षण गर्ने आधुनिक ल्यावको स्थापना र सञ्चालन गर्ने कार्यको सुरुवात यसै वर्षवाट गरिने छ,
- आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैर सरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ,
- नेपाल सरकारको स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका व्यक्तीहरुको वीमाको सुनिस्चित गरीने छ,
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई अझ प्रभावकारी बनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिदै अभिमूखीकरण तालिम संचालन गरिने छ,
- मातृशिशु स्वास्थ्यमा सुधार ल्याउन गाउँपालिकामा परिचालित सरकारी, गैरसरकारी संस्थाका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी बनाइने छ,
- मातृशिशु स्याहार तथा मृत्युदरमा उल्लेख्य कमी ल्याई मातृ शिशुको स्वास्थ्य स्तर सुधार्न बर्थिङ सेन्टरलाई व्यवस्थित गरी २४ सै घण्टा सेवा प्रदान गर्ने व्यवस्थालाई थप व्यवस्थित गरिने छ,
- प्रजनन् स्वास्थ्य/सुरक्षित मातृत्व/एकिकृत बालरोगको व्यवस्थापन जस्ता एकिकृत वालरोगको व्यवस्थापनत कार्यक्रमलाई प्रभावकारी बनाई किशोर किशोरीलाई आवश्यक सेवा परामर्श कार्यक्रमलाई प्राथामिकताका साथ संचालन गरिने छ,
- नेपाल सरकारले नि:शुल्क रुपमा उपलब्ध गराउन सूचिकृत गरेका औषधिहरु नि:शुल्क रुपमा बर्ष भरि उपलब्ध गराईने छ,
- स्वास्थ्य इकाईलाई स्वीकृतिको लागि प्रदेश एबम् संघीय सरकारसँग माग गरी वडा नं. ५ को स्वास्थ्य इकाईलाई थप व्यवस्थित बनाउन पहल गरिने छ,
- प्रत्येक माध्यमिक विद्यालयमा किशोरीहरुलाई आइपर्ने समस्या समाधानको लागि उचित परामर्श सहितको सेवा प्रदान गरिने छ,

- नेपाल सरकारको कार्यक्रम अन्तरगत स्पाइनल इन्जुरी, मृगौला रोगी, डाइलासिस तथा क्यान्सरका रोगीहरुलाइ मासिक भत्ताको व्यवस्था गरिने छ।
- समुदायिक मानसिक स्वास्थ्य कार्यक्रम मार्फत मानसिक समस्या भएका बिरामी तथा विरामिका अभिभावकहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरी मनोसामाजिक परामर्श सेवा तथा नियमित औषधिमा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने छ,
- योग शिबिर तथा नसर्ने रोग व्यवस्थापन गर्न आयुर्बेद गाउँघर क्लिनिक संचालनलाई निरन्तरता दिईने छ,
- योग विज्ञान तथा प्राकृतिक चिकित्सालाई प्रवर्द्धन गरिने छ,
- पाठेघर खस्ने समस्या भएका महिलाहरुको लागि स्क्रीनिङ क्याम्प सञ्चालनलाई निरन्तरता दिईने छ,
- परिवार नियोजन सेवा अन्तर्गत लामो जन्मान्तरका साधनहरुलाई पहुँचयोग्य र सशक्त बनाइने छ,
- माहामारी तथा प्रकोपजन्य रोगहरुको नियन्त्रणका लागि **Act Immediate** को अवधारणा लागू गरिने छ,
- मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नको लागि बर्थिङ सेन्टरका प्रत्येक नर्सिङ कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गराउने कार्यलाइ निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागिरकहरुको नियमित स्थलगत स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने र दीर्घ रोगीहरुले नियमित सेवन गर्ने औषधिहरु स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइ बाटै वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ,

**खानेपानी, सरसफाई तथा वातावरण**

संविधानले व्यवस्था गरेको स्वच्छ, सफा खानेपानी सम्बन्धी मौलिक हकको प्रत्याभुत गर्न वातावरण, खानेपानी तथा सरसफाईलाई आगामी आ.व. मा प्राथमिकताका साथै थप व्यवस्थित बनाउदै लगिने छ

- खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको यस गाउँपालिकामा यसको थप प्रभावकारी कार्यान्वयन गर्ने तथा स्वास्थ स्वच्छ वातावरण कायम गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ,
- खानेपानी मुहानहरुको पहिचान, संरक्षण गरी मुहान दर्ताको कार्यलाई निरन्तरता दिदै खानेपानीको पहुँच नपुगेका वस्तीहरुलाई विशेष प्राथमिकतामा राखी व्यवस्थापन गरिने छ,
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोर विर्सजन (डम्पिङ साइड) को व्यवस्था गरी बजार क्षेत्रलाई सफा तथा सुन्दर बनाइने छ,
- गाउँपालिका क्षेत्र भित्र रहेका वन जङ्गलहरुको संरक्षण गर्ने साथै जलधार संरक्षण, भू-संरक्षण र जल उत्पन्न प्रकोप नियन्त्रणको लागि उचित पहल गरिने छ,
- फोहोरलाई कुहिने र नकुहिने फोहोरको रुपमा बर्गीकरण गरी उपयुक्त स्थानमा व्यवस्थापन गर्न सहयोग पुर्‍याउने कार्यक्रमहरु संचालन गरिने छ,
- सडकहरुमा चल्ने सवारी साधनबाट निष्कने फोहोरलाई न्युनीकरण र नियन्त्रण गर्न निश्चित स्थानमा विसर्जन गर्ने व्यवस्था मिलाइने छ,

- नेपाल रेडक्रस सोसाइटी ओखलढुंगाले सञ्चालन गर्न लागेके खस्रेनी, घ्याम्पे पोखरी खानेपानी सञ्चालन गर्न समन्वय तथा सहकार्यलाई यस वर्ष पनि निरन्तर दिईने छ, साथै गढि भुलभुले खानेपानी कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ,

**द्वन्द्व व्यवस्थापन**

- विभिन्न कारणबाट सिर्जित सामाजिक विवाद, झगडा तथा द्वन्द्वलाई सामाजिक मेलमिलापकर्ता तथा न्यायिक समितिबाट न्याय निरुपण तथा मेलमिलाप गरिने छ,
- प्रत्येक वडामा संचालित मेलमिलाप केन्द्रलाई थप व्यवस्थित बनाउदै वडा तहमा नै मेलमिलाप गरी विवाद समाधान गर्ने नीति लिइने छ,
- सामाजिक विभेद, बहिस्कार र अन्याय गर्नेलाई निरुत्साहित गरी सामाजिक अभियानकर्ताहरुलाई उत्साहित तथा पुरस्कृत गरिदै लागिने छ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- मोलुङ गाउँपालिकामा रहेको प्रत्येक योजना, कार्यक्रम, नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्ने पक्षमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति अपनाईने छ।
- महिलाहरुको क्षमता विकास तथा नेत्रृत्व विकासलाइ जोड दिंदै लैङ्गिक समानता तथा महिला सशक्तीकरण, क्षमता विकास कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ।
- १६ दिने लैंगिक हिंसा विरुद्धको अभियान ड वटै वडाहरुमा सञ्चालन गरिने छ।

**महिला शसक्तीकरण**

- राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको माध्यमबाट अति विपन्न तथा पछाडि पारिएका समुदाय (कोभिडबाट प्रभावित समेतको) जिविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरी महिलाहरुको लागि कृषि तथा पशु पालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ,
- महिलाहरुमाथि हुने सबै खाले हिंसाको अन्त्य गर्न सामाजिक संघ संस्थाहरु, शैक्षिक संस्था तथा सरकारी निकायसँग समन्वय गर्ने, चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई थप निरन्तरता दिईदै लगिने छ,
- सुत्केरी भेट, पोसिलो खानेकुरा वितरण जस्ता कार्यलाई थप व्यवस्थित बनाउदै लगिने छ,
- प्रत्येक वर्ष झैं अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) लाई भव्य रुपमा मनाइने छ।

**युवा तथा खेलकुद**

**"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** को नीति अनुरुप मोलुङ गाउँपालिकाले युवा तथा खेलकुद क्षेत्रमा निम्न नीति अवलम्बन गर्नेछ।

- पालिकाका सबै वडाहरुमा युवा क्लबको गठन गरी विपद् व्यवस्थापन तथा स्वयंसेवी कार्य र सामाजिक जागरणका अभियानहरुमा युवा परिचालन गरिने छ,
- युवा डाटा बैंकको स्थापना गरिने छ,
- युवा सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय युवा परिषद र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ,
- रामपुर खेल मैदानलाइ जिल्ला स्तरिय प्याराफिट सहितको खेल मैदानको रुपमा विकास गर्न सङ्घीय सरकार तथा प्रदेश सरकारसंगको सहकार्यलाई निरन्तरता दिदै लगिने छ ,
- गाउँपालिकाको स्वामित्वमा रहेको जमिनमा वहुउद्देश्यीय कभर्ड हल निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ,

**श्रम तथा रोजगार**

- यस गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट रोजगारीकै लागि विदेशिनु पर्ने बाध्यत्मक परिस्थितिको अन्त्य गर्दै स्वदेश मै स्थानीय स्रोत साधनको उपयोग गरी ब्यापक रोजगारी सृजना गर्न E-MIS प्रणालीमा बेरोजगार ब्यक्तिको नाम सूचिकृत गरी थप व्यवस्थित गरिने छ,
- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत न्युनतम १०० दिनको रोजगारी दिन सबै वडासँग समन्वय गर्ने र रोजगार सेवा केन्द्रको सुदृणीकरण गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- संविधान प्रदत्त रोजगारी सम्बन्धी मौलिक हकको प्रत्याभुत गर्न कार्यविधि बनाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी निरन्तर रोजगारीको सृजना गरिने छ,
- स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिई उत्पादकत्त्व अभिबृद्धि, गरी रोजगारी सृजना र आय आर्जन बृद्धिमा जोड दिइने छ,
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्त्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ,
- सामाजिक विभेदीकरणमा परेका र लक्षित बर्गलाई ध्यानमा राखी कार्यक्रमको निर्माण गरिने छ,
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिने नीति लिईने छ,
- आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईने छ,
- युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिने छ,
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, ब्यवसायिक, उद्योग, वित्तीय क्षेत्रवाट रोजगारीको सिर्जना गरिने छ,
- पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ,
- बैदेशिक रोजगारीबाट फर्केका, रोजगारी गुमाएका युवाहरुको सीप र क्षमताको भरपुर उपयोग गरी रोजगारी र विकास दुबैलाई महत्त्वका साथ कार्यान्वयन गरिने छ,

- कृषि र पर्यटनमा आधारित व्यवसायमा सम्लग्न हुन युवाहरुलाई प्रोत्साहन गरिने छ,
- मोलुङ गाउँपालिकालाई बालश्रम मुक्त पालिका बनाउन श्रम बजारको नियमित अनुगमत गरी बालश्रम मुक्त रहेको सुनिस्चित गरिने छ।

उपस्थित महानुभावहरु,

म यस मोलुङ गाउँपालिकाको आ.व २०७९/०८० को पूर्वाधार विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**सडक तथा पूल**

- रामपुर प्राप्चा श्रीचौर सडकको कालोपत्रेको कामलाई गुणस्तर नियन्त्रण सहित समयमै काम सम्पन्न गसरेन आवश्यक पहल गरिनेछ,
- मोलुङ गाउँपालिकाका सम्पूर्ण वडाहरु जोड्ने गरी सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै बनेका सडकहरुलाई थप मर्मत सम्भार गरिदै लगिने छ,
- मोलुङ गाउँपालिकाको वडा नं. २ देखि पालिका सम्म जोड्ने मितेरीपुलको सम्भाव्यता अध्ययन पश्चात मितेरी पूल निर्माण अघि बढाउन पहल गरिने छ,
- दैमल-कोर्नाम-बिल्दु-ठाडे हुँदै यस गाउँपालिकालाई छिमेकी जिल्ला सोलुखुम्बू जोड्ने सडक आयोजनाको स्तरोन्नति गरिने छ,
- बोक्खिोला झोलुङ्गे पूल, बाघखोर झोलुङ्गे पूल निर्माणलाई प्राथमिकताका साथ अघि बढाइने छ,
- गाउँपालिकाका सडकहरुलाई पालिका स्तरीय सडक, वडा स्तरीय सडक र अन्य सडकको रुपमा बर्गीकरण गरी सडकहरुलाई नियमित मर्मत तथा स्तरोउन्नति गरिदै लगिने छ,
- सडक निर्माण र मर्मत कार्य गर्दा आवश्यकता र औचित्यताको अध्ययन गरी वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप सडक योजना छनौट गरिने छ,
- मोलुङ खोला सतिघाट मोटरेवल पूल मोलुङ ५, ८ निर्माण गर्नका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल कदलमी गरिने छ,
- मोलुङ खोला बाख्रे खोलाखर्क मोटरेवल पूल मोलुङ ६, ७ निर्माणमा लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल कदमी गरिने छ,
- दोकीङ खोला दोभानमा मोटरेवल पूल निर्माण गरी मोलुङ २, ८ लाई सडक सञ्जालमा जोड्ने कार्यका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल कदमी गरिने छ,

**सिंचाई**

- मोलुङ गाउँपालिका भित्रका मूख्य खेती योग्य फाँटहरु जरायटार, रामपुरटार लगायतका स्थानमा सम्भाव्यता अध्ययन गरी थप सिंचाईको व्यवस्था गरिने छ,

- बेमौसमी तथा हिंउदे तरकारी खेतीको लागि प्लाष्टिक पोखरी थोपा सिंचाई निर्माण गरी सिंचाइको प्रवन्ध गर्ने नीति लिइने छ।

**जलविद्युत**

- पालिकामा विस्तार भएको विद्युतलाई ABC केवलबाट प्रशारण गरी सुरक्षित गर्ने नीति लिइने छ,
- मोलुङ गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा केन्द्रीय प्रसारण लाईन वितरण तथा प्रशारण गर्न आवश्यक पहल गरिने छ,
- मूख्य सडकको आसपास, चोक लगायत मूख्य बजार क्षेत्रहरुमा सौर्य सडक वत्तीको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइने छ,

**भवन तथा शहरी विकास**

- मोलुङ गाउँपालिका भित्र कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन वमोजिम स्विकृति लिनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागू गरिने छ,
- गाउँपालिका क्षेत्रभित्र व्यवसायिक वा आवासीय घर निर्माण गर्दा गाउँपालिकाबाट अनिवार्य नक्शा पास तथा अनुमति लिएर मात्र भवन तथा घर निर्माण गर्नु पर्ने व्यवस्थालाई पुर्णरुपमा लागू गरिने छ,

**सुचना प्रविधि तथा सञ्चार**

- मोलुङ गाउँपालिकाका मातहतमा रहेका कार्यालयहरु तथा विद्यालयहरुमा विद्युतीय हाजिरी (E-Attendance) क्रमश: लागू गर्दै लगिने छ,
- मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य संस्थामा ब्रोड ब्याण्ड इन्टरनेट सेवा जडान भएका २० एमबिपिएस क्षमताको नन् डेडिकेटेड ब्रोड ब्याण्ड सेवालाई थप व्यवस्थित वनाउदै लगिने छ,
- गाउँपालिकाका प्रत्येक वडाहरुमा गुणस्तरयुक्त Free WiFi सेवा सहितको इन्टरनेट सेवालाई थप व्यवस्थित गर्दै लगिने छ,
- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा, कार्यक्रम, सूचना प्रवाह प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउनको लागि website (वेवसाईट), Mobile App (मोबाईल एप) मार्फत समयमा सार्वजनिक गर्ने र अनलाइन सेवा प्रवाहलाई थप व्यवस्थित गरिने छ,
- वडा कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट प्रेषण तथा सुचना आदान प्रदान गर्ने प्रणालीलाई थप प्रभावकारी पारिने छ,

**वन तथा भू–संरक्षण**

- मोलुङ गाउँपालिका भित्रका परम्परागत रुपले व्यवस्थापन हुँदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठजन्य, कृषिजन्य, गैरकाष्ठजन्य कच्चा पदार्थ उत्पादन स्थलको रुपमा विकास गर्ने नीति लिइने छ,

- गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा खाली जग्गा र भिर पाखाहरुमा बृक्षारोपण गर्ने नीति लिईनेछ,
- वनक्षेत्रमा उपलब्ध हुने चिराइतो, मछिनो, अम्रिसो, कुरीलो, वेदबाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेतीतर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईने छ,
- भू-क्षय नियन्त्रण तथा जग्गा विकास, जलाधार संरक्षण, जैविक विविधता संरक्षण आदिमा विशेष ध्यान दिइने छ,
- सामुदायिक वनलाई पर्यटन उद्यम प्रवर्द्धन गर्ने नीति लिइने छ,
- खोला किनारामा भएका कटान तथा भूक्षयलाई रोक्न नियन्त्रणका लागि अवश्यक काम गरिने छ,

**<u>वातावरण संरक्षण</u>**

- प्राकृतिक वातावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगमा जोड दिईने छ,
- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरणमैत्री बनाइने छ,
- जलवायु अनुकुलित गाउँपालिका प्रदुषण न्युनीकरण र दिगो विकासका लागि वातावरण मैत्री कार्यक्रमहरुलाई जोड दिइने छ ।

**<u>जल उत्पन्न प्रकोप नियन्त्रण</u>**

- वर्षाको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नका लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिने छ ।
- वडा नं. २  टेकानपुरमा पहिरो जोखीम नियन्त्रण तथा रोकथाम कार्यक्रम सम्पन्न गरिएको छ, यो कार्यक्रमलाई निरन्तरता दिदै  लगिने छ,

**<u>विपद व्यवस्थापन:-</u>**

- आकस्मिक रुपमा आइ पर्न सक्ने विपद्को व्यवस्थापन गर्नको लागि समुदाय, सरोकारवाला संघ संस्थाहरुसँग समन्वय गरी विपद् पूर्वको तयारी, विपद् पश्चातको उद्धार कार्यक्रमहरु बनाई लागू गर्ने नीति लिइने छ,
- विपदको पूर्व तयारीका लागि १ देखि ८ नं. वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिने छ,
- गाउँपालिका भित्रका विपद् जोखिम क्षेत्रको अध्ययन गर्नका लागि विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिने छ ।

उपस्थित महानुभावहरु,

अब म यस मोलुङ गाउँपालिकाको आ.व २०८०/०८१ को संस्थागत विकास तथा सेवा प्रवाह तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**मानव संसाधन विकास**

- सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगार बन्न आवश्यक तालिम प्रदान गरिने छ,
- श्रम बजारको मागलाई आधार मानी आवश्यकता अनुरुपको जनशक्ति तयार गर्न उपयुक्त कार्यक्रमहरु तय गरी लागू गरिने छ।

**सामान्य प्रशासन र सेवा व्यवस्थापन**

- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, चुस्त, गुणस्तरीय र नागरिक मैत्री बनाउने नीति लिइने छ,
- वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा प्रदान गर्ने नीति लिइने छ।

**संस्थागत क्षमता विकास**

- समय सापेक्ष कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि सयम समयमा तालिम, गोष्ठि, अभिमुखीकरणका कार्यक्रमहरु संचालन गर्ने नीति लिइने छ ,
- गाउँपालिका, वडा र विषयगत कार्यालयहरुमा सूचना प्रविधिमा आधारित उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने नीति लिइने छ,
- कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण निर्माण गरी कार्यसम्पादनको मुल्याङ्कनको आधारमा उचित प्रोत्साहन गर्ने नीति लिईने छ।
- गाउँपालिका भित्र आवश्यक सार्वजनिक सेवा प्रदान गर्ने पद र दरवन्दीको व्यवस्थापन गर्न पद र दरवन्दीको अध्ययन गर्न ओ एन एम सर्वे गरिने छ,

**राजश्व परिचालन**

- आ.व २०८०/०८१ देखि एकीकृत सम्पत्ति कर प्रणालीको अध्ययन गरी क्रमैसँग लागू गरिने छ,
- गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने स्रोतहरुको पहिचान गरी राजश्वको दायरामा ल्याइने छ,
- नागरिकहरुमा कर तिर्ने बानीको विकास गरी राजश्व चुहावट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ,
- निकासी कर, पटके कर, व्यवसायिक कर, ढुङ्गा गिटी र वालुवाको उत्खनन् र निकासीबाट राजस्व संकलन गर्ने कार्यलाई अझ व्यवस्थित बनाई निरन्तरता दिईने छ।

**सुरक्षा व्यवस्थापन**

- गाउँपालिको केन्द्र, लगायत सुरक्षाको उच्च जोखिम रहेका क्षेत्रहरुमा CCTV तथा Shot Circuit Camera जडान गरी आवश्यक निगरानी राखिने कार्यलाई थप व्यवस्थित गरिने छ,
- चोरी, लागू औषध तथा अन्य आपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने नीति लिइने छ,

## स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन

- गाउँपालिकाको विभिन्न क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरु सङ्कलन कार्यलाई मूर्तरुप दिई गाउँपालिकाले निर्माण गरको पार्श्वचित्रलाई थप अध्यावधिक गरिने छ,
- पालिका र वडा स्तरीय अभिलेख व्यवस्थापन कार्यलाई प्रविधिमैत्री बनाईने छ,

## सार्वजनिक सुनुवाई

- गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता र पारदर्शिता सम्वन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईको कार्यक्रम गर्ने नीति लिइने छ,
- कार्यालयको सुझाव पेटिका मार्फत प्राप्त गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्यौंट गर्दै जाने नीति लिईने छ ।

## पञ्जीकरण व्यवस्थापन

- व्यक्तिगत घटना दर्ता प्रत्येक वडा कार्यालयहरुमा अनलाइन प्रणाली मार्फत संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ,
- राष्ट्रिय परिचय-पत्र वितरणको लागि मोलुङ गाउँपालिकाको सेवा इकाईलाई व्यवस्थित गरिने छ ।

## वेरुजु फछ्यौंट

- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ,
- पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ,
- पुरानो पेश्की फछ्यौंट गर्ने र वेरुजु बाँकी रहेका व्यक्ति वा संघ संस्थाहरुलाई अविलम्व पेश्की फछ्यौंट गराउन आवश्यक पहल गरिने छ ।

## अन्य नीतिहरु :-

- प्रत्येक विकास निर्माणका योजनाहरुको बिस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव प्रतिवेदन निर्माण गरी अगाडि बढाईने छ,
- यस गाउँपालिकाको वडा नं.२ मा रहेको शहिद पार्कहरूलाई संरक्षण एवं सम्वर्द्धनमा बिशेष जोड दिईने छ,
- मोलुङ गाउँपालिका भित्र कार्यक्रम सञ्चालन गर्दै गरेका र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेका विभिन्न गैर सरकारी संघ संस्थाहरुलाई गाउँपालिकाको अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ,
- साहित्य क्षेत्रको विकासका लागि मोलुङ साहित्य प्रतिष्ठानको स्थापना गरिने छ,
- युग कवि सिद्धिचरण श्रेष्ठको स्मृतिमा विभिन्न साहित्यिक गतिविधि संचालन गरिने छ,
- गाउँपालिका भित्रका कला, सँस्कृति र सृजनामा लागेका सर्जकहरु तथा बौद्धिक व्यक्तित्त्वहरुलाई सम्मान तथा पुरस्कृत गरिने छ ।

**उपस्थित महानुभावहरु,**

आ.व. २०८०/०८१ मा मोलुङ गाउँपालिकाको आय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । मोलुङ गाउँपालिकाको आ.व. २०८०/०८१ को बजेट सीमा देहाय बमोजिम रहेको छ ।

| | शीर्षक | आ.व. २०८०/०८१ |
|---|---|---|
| १ | आन्तरिक श्रोत | ३०,००,००० |
| ३ | संघिय बाँडफाँड भई प्राप्त हुने राजश्व | ७,३५,६९,४०० |
| ४ | प्रदेश बाँडफाँटबाट प्राप्त हुने राजश्व | २७,८२,००० |
| | जम्मा | ७,९३,५१,४०० |
| | संघीय सरकार | |
| ५ | समानिकरण अनुदान | ७,८६,००,००० |
| ६ | शसर्त अनुदान चालु | २२,२५,००,००० |
| ७ | समपुरक अनुदान पुँजिगत ( विशेष, समपुरक) | ३,८९,००,००० |
| | जम्मा | ३५,८५,००,००० |
| | **प्रदेश सरकार** | |
| ८ | समानिकरण अनुदान | ४६,९७,००० |
| ९ | शसर्त अनुदान ( समपुरक) | १,५२,७८,००० |
| १० | अनुमानित अल्या | १,१८,००,००० |
| | **जम्मा** | **३,१७,७५,०००** |
| | कुल जम्मा | ४५,११,२६,४०० |

गरी आ.व. २०८०/०८१ को जम्मा अनुमानित आय रु ४५ करोड ११ लाख २६ हजार ४ सय रहेको जानकारी गराउन चाहन्छु ।

आदरणीय उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यापालिका तथा गाउँ सभाका सदस्यज्यूहरु, र राष्ट्र सेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका प्रमुख, राजनितिक दल तथा दलका प्रतिनिधिज्यू, पत्रकार मित्र तथा सम्पूर्ण मोलुङ बासीहरुमा **"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"** को नारालाई आत्मसाथ गर्न साथ सहयोगको अपेक्षा गर्दै आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम समापन गर्दछु ।

धन्यवाद !

उत्तम राई
(अध्यक्ष)
मोलुङ गाउँपालिका

ईति सम्बत २०८० साल असार १० गते रोज १ शुभम् ।